# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं, असार १४ गते, २०७२ साल (संख्या ७


## भाग ५

नेपाल सरकार

शिक्षा मन्त्रालयको सूचना

### मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७१

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस आदेशको नाम "मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "प्राविधिक समिति" भन्नाले दफा ८ बमोजिमको प्राविधिक समिति सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(च) "मेडिकल कलेज" भन्नाले सुदूर-पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत कैलाली जिल्लाको अत्तरिया नगरपालिकाको गेटामा स्थापना गरिने मेडिकल कलेज सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ज) "समिति" भन्नाले दफा ३ बमोजिम गठित मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति सम्झनु पर्छ ।

१०२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

३. <u>समितिको गठन</u> : (१) मेडिकल कलेजको लागि आवश्यक पर्ने भवन लगायतका भौतिक पूर्वाधार निर्माण गर्ने काम समेतको लागि मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति नामको एक समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि हासिल गरी स्वास्थ्य शिक्षाको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनित गरेको व्यक्ति | - अध्यक्ष |
| (ख) | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कैलाली | - सदस्य |
| (ग) | जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय, कैलाली | - सदस्य |
| (घ) | प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय, कैलाली | - सदस्य |
| (ङ) | प्रमुख, शहरी विकास कार्यालय, कैलाली | - सदस्य |
| (च) | प्रमुख, धनगढी नगरपालिका, कैलाली | - सदस्य |
| (छ) | प्रमुख, अत्तरिया नगरपालिका, कैलाली | - सदस्य |
| (ज) | स्थानीय समाजसेवी तथा बुद्धिजिवीहरुमध्येबाट मन्त्रालयले मनोनित गरेको | - |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

एकजना सदस्य

(झ) कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) अध्यक्ष तथा मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत अध्यक्ष वा सदस्यको पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मेडिकल कलेजको लागि कलेज, शिक्षण अस्पताल, छात्रावास लगायतका आवश्यक भौतिक संरचना डिजाइन तथा निर्माण गर्ने, गराउने,

(ख) मेडिकल कलेजको भौतिक संरचना निर्माणका लागि आवश्यक आर्थिक स्रोत जुटाउने,

(ग) समितिको कार्यक्रम तथा बजेट स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने,

(घ) अस्पतालबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विकासका लागि आवश्यक पर्ने स्रोत र साधनको पहिचान गरी त्यस्तो स्रोत र साधन परिचालन गर्ने, गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) मेडिकल कलेज तथा शिक्षण अस्पतालको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक जनशक्तिको विवरण तयार गर्ने,

(च) मेडिकल कलेज तथा शिक्षण अस्पतालका लागि आवश्यक पर्ने औजार तथा उपकरणको सूची तयार गरी खरिद गर्ने, गराउने,

(छ) मेडिकल कलेजको सञ्चालनको लागि कानूनी, संस्थागत र नीतिगत संरचना सम्बन्धमा अध्ययन गरी मन्त्रालयमा सिफारिस गर्ने,

(ज) मेडिकल कलेज पूर्वाधार निर्माणको विकास सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

५. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u> : (१) समितिको बैठक दुई महिनामा कम्तीमा एकपटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुपस्थितिमा समितिको बैठक बोलाउन आवश्यक देखिएमा सदस्य-सचिवले सदस्यसँग परामर्श गरी समितिको बैठक बोलाउन सक्नेछ ।

(४) समितिको बैठकमा छलफल हुने कार्यसूची सहितको विवरण सदस्य-सचिवले बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(५) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।



१०५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) समितिको बैठकको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) समितिले आफ्नो कामसँग सम्बन्धित कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशक : (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) मन्त्रालयले नेपाल सरकारको कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको कुनै अधिकृतलाई समितिको कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी तोक्नेछ ।

७. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको वार्षिक बजेट, कार्यक्रम तथा योजना तयार गरी समिति समक्ष पेश गर्ने,

(ख) समितिबाट निर्णय हुनु पर्ने अन्य विषयमा प्रस्ताव तयार गरी समितिमा पेश गर्ने,

(ग) समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिको प्रशासनिक तथा आर्थिक काम, कारवाहीको नियन्त्रण तथा अनुगमन गर्ने,

(ङ) समितिबाट भएका काम कारवाहीको निरीक्षण, अनुगमन तथा मूल्यांकन गर्ने, गराउने,



१०६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

८. **प्राविधिक समिति** : (१) समितिलाई प्राविधिक विषयमा आवश्यक सल्लाह र सुझाव दिनका लागि देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछः-

(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोपाधि हासिल गरी स्वास्थ्य शिक्षाको क्षेत्रमा कम्तीमा दश वर्ष अध्यापन गरेका व्यक्तिहरुमध्येबाट समितिले मनोनित गरेको व्यक्ति -अध्यक्ष

(ख) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोपाधि हासिल गरी इञ्जिनियरिङ्ग क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेका व्यक्तिहरुमध्येबाट समितिले मनोनित गरेको दुई जना -सदस्य

(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोपाधि हासिल गरी नर्सिङ्ग वा प्यारामेडिकल क्षेत्रमा कम्तीमा दश वर्ष अध्यापन गरेका व्यक्तिहरु मध्येबाट कम्तीमा एकजना महिला सहित समितिले मनोनित गरेको तीन जना -सदस्य

(घ) कार्यकारी निर्देशक -सदस्य-सचिव





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अध्यक्ष तथा मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा मनोनित कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा समितिले निजलाई जुनसुकै बखत अध्यक्ष वा सदस्यको पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(५) प्राविधिक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : (१) समितिको काम सम्पादनको लागि समितिमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) समितिलाई आवश्यक पर्ने कर्मचारीहरु मन्त्रालयले उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिम समितिलाई आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउन नसक्ने भएमा समितिले मन्त्रालयको स्वीकृति लिई करारद्वारा कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(४) समितिमा कार्यरत नेपाल सरकारका कर्मचारीलाई समितिले मन्त्रालयको स्वीकृति लिई थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

१०. <u>समितिको कोष</u> : (१) समितिको एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

१०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट सहयोग स्वरूप प्राप्त रकम,

(ग) स्थानीय निकायबाट प्राप्त रकम,

(घ) कुनै व्यक्ति वा संस्थाबाट दान, दातव्य, चन्दा स्वरुप प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) समितिले उपदफा (१) बमोजिमको कोषमा रहने रकम समितिले तोकेको नेपालभित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(५) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(६) समितिको कोषको खाताको सञ्चालन कार्यकारी निर्देशक र समितिको लेखा सम्बन्धी काम गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

११. <u>लेखा तथा लेखापरीक्षण</u> : (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिम दर्ता भएका लेखा परीक्षकहरुमध्येबाट समितिले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) समितिको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) मन्त्रालयले समितिको आय व्ययको लेखा, नगदी, जिन्सी, अन्य कागजात वा हिसाब किताब जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१२. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्य सुचारु रुपमा गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले त्यस्तो उपसमिति वा कार्यटोली गठन गर्दा निर्धारण गरिदिए बमोजिम हुनेछ ।

१३. अधिकार प्रत्यायोजन : समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक, प्राविधिक समिति वा दफा १२ बमोजिम गठित उपसमिति वा कार्यटोली वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने : समितिले आर्थिक वर्ष समाप्त भएको मितिले पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको विवरण उल्लेख गरी मन्त्रालय समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१५. बैठक भत्ता : समितिका अध्यक्ष, सदस्य तथा प्राविधिक समिति र दफा १२ बमोजिम गठित उपसमिति वा कार्यटोलीका सदस्यहरुले समिति, प्राविधिक समिति, उपसमिति वा कार्यटोलीको बैठकमा भाग लिए बापत अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिम बैठक भत्ता पाउने छन् ।

१६. निर्देशन दिन सक्ने : (१) मन्त्रालयले समितिबाट गरिने काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।



११०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१७. **नेपाल सरकारसँग सम्पर्क** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा शिक्षा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१८. **समितिको कार्यालय** : (१) समितिको कार्यालय कैलाली जिल्लाको अत्तरिया नगरपालिकाको गेटामा रहनेछ ।

(२) समितिको सम्पर्क कार्यालय काठमाडौंमा रहनेछ ।

१९. **नियम बनाउने अधिकार** : (१) समितिले यस आदेशको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले बनाएको नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

आज्ञाले,
विश्वप्रकाश पण्डित
नेपाल सरकारको सचिव

मुद्रण विभाग सिंहदरबार





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

मालपोत ऐन, २०३४ को दफा २१ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले हालै गएको विनासकारी भूकम्पले पुऱ्याएको क्षतिबाट प्रभावित क्षेत्रका भूकम्प पीडित परिचयपत्र प्राप्त कृषकहरुलाई परिचयपत्रका आधारमा आर्थिक वर्ष २०७१।०७२ र २०७२।०७३ को मालपोत मिन्हा गरेको छ ।

आज्ञाले,
लोकदर्शन रेग्मी
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३

११२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।